बेसीशहर नगरपालिका
बेसिशहर नगरपालिकाको कार्यालय,लमजुङ
कृषि शाखा
बेसीशहर लमजुङ
गण्डकी प्रदेश, लमजुङ

आ.ब. २०७७/०७८ मिति :२०७७/०५/०९
च.नं

# कृषि तर्फको अनुदानको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/०५/०९

संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम र बेसीशहर नगरपालिका लमजुङ बेसीशहरको कृषि तर्फको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलअनुसारका कार्यक्रम संचालन गर्न लागीएकाले बेसीशहर नगरपालिका भित्रका कृषक, कृषक समूह, कृषिसहकारी र कृषि उधमीहरुले यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र प्रस्ताव भरि यस कार्यलयमा दस्तखत दिनु हुन यो सुचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि बेसिशहर नगरपालिका कृषि शाखामा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

तपशिल

| क्र.स | कार्यक्रम | संख्या | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | स्थायी प्लास्टिक घर निर्माण | ४५ | १५,००० प्रति टनेल | -कृषक समुह/कृषि सहकारीलाई प्राथमिकता दिइने |
| २ | खाली मौरी घार वितरण | २०० | ५० % | -कृषक समुह/कृषि सहकारीलाई प्राथमिकता दिइने |
| ३ | सिलपोलिन प्लास्टिक वितरण | ६५ | ५० % | -कृषक समुह/कृषि सहकारीलाई प्राथमिकता दिइने |
| ४ | कृषि यान्त्रिकरण हाते ट्याक्टर,कर्नसेलर,धान काट्ने थ्रेसर र बेसार पिस्ने मेसिन वितरण | ५५ | ५० % | -कृषक समुह/कृषि सहकारीलाई प्राथमिकता दिइने |

प्रस्ताव पेश गर्नको लागि आवेदन दिन आवश्यक कागजातहरु :

१. कृषक समुह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाण पत्र,वार्षिक अडिट रिपोर्ट र संस्था संचालक समितीको बैठक निणर्यको प्रतिलिपि ।
२.कृषि यान्त्रिकरणको हकमा खेती गरिने जमिनको लाल पुर्जा र नागरिकताको प्रतिलिपि ।
३. सम्वन्धित स्थानिय तहको वडामा कृषक वर्गीकरण फारमको प्रतिलिपि र सिफारिस।
४.सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
५. गत बर्ष नगरपालिका, वडा कार्यालय र अन्य संघ संथाबाट कृषि सम्बन्धी कार्यक्रम प्राप्त गरेको भए सोको विवरण उल्लेख गर्नुपर्ने ।

पुष्पराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत